# हाट बजार ठेक्का बन्दोबस्त सम्बन्धी शर्तहरुः

१. यो ठेक्काको अवधी आ.व. २०८१/०८२ (२०८१ श्रावन १ गते देखि २०८२ असाढ मसान्त सम्म) १२ महिनाको लागि हुनेछ ।

२. शिलबन्दी दरभाउपत्रको फारम करैयामाई गाउँपालिकाको कार्यालयबाट कार्यालय समय भित्र रु. १०००/- (अक्षरेपी एक हजार मात्र) तिरी (पछी फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ । कार्यालय प्रमुखले प्रमाणित गरी कार्यालयको छाप लगाई वितरण गरिएको फारमलाई मात्र मान्यता दिइनेछ । एकवटा फारम एक स्थानको लागि मात्र दरभाउपत्र पेश गर्न सकिने भएकोले एउटै व्यक्ति, फर्म वा संस्थाले फरक फरक स्थानको लागि दरभाउपत्र पेश गर्न चाहेमा फरक फरक भरी पेश गर्नु पर्नेछ ।

३. ठेक्का लिन ईच्छुक व्यक्ति भएमा निजको नागरिकताको प्रतिलिपी, फर्म वा संस्था भएमा नविकरण भएको प्रमाणपत्र, स्थायी लेखा नम्बर/मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. ०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न गरी पेश गर्नु पर्नेछ ।

४. शिलबन्दी दरभाउपत्रको साथमा आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशत रकम धरौटी वापत करैयामाई गाउँपालिकाको नाममा कुमारी बैंक लि. मधुवन शाखामा रहेको धरौटी खाता नं. २६१०२४७२८७३००००४ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ ।

५. पेश हुन आएका दरभाउपत्र १६औ दिन (मिति २०८१/०३/२२ गते) दिउसो २:०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा वा उपस्थित अन्य व्यक्तिहरुको रोहवरमा पालिका कार्यालयमा खोलिनेछ ।

६. दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र समय सिमा भित्र खोल्न बाधा पर्ने छैन।

७. आवेदन पत्र फाराम जसको नाममा खरिद गरिएको हो सोही व्यक्ति वा फर्मको नाममा मात्र दाखिला गर्नु पर्नेछ। आवेदन पत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको ठाउँमा दस्तखत गरेको हुन पर्नेछ ।

८. आवेदन पत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले ३ (तीन) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । मुनासिब कारण बाहेक सो अवधि भित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमाअनुसार रितपूर्वकको आवेदन पत्रदातालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ ।

९. ठेक्का स्वीकृत रकमको प्रथम किस्ता (५०%) सम्झौता समयमा तथा दोस्रो किस्ता (२५%) २०८१ कार्तिक महिना भित्र र तेस्रो किस्ता (२५%) २०८१ माघ महिना भित्र बुझाई सक्नु पर्ने छ । साथै सम्झौताका समयमा बाँकी किस्ताको बैंक जमानी पेश भए पश्चात मात्र सम्झौता गरी कायदिश दिइने छ । तर धरौटी रकमलाई किस्तामा मिलान गर्न सकिने छैन ।

१०. ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिति सृजना भएमा वा कार्यालय र ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा गाउँपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारकको कर्तव्य हुनेछ।

११. गाउँपालिकालाई रकम बुझाउनु पर्ने बाँकी वक्यौता भएका व्यक्ति वा फर्महरुले त्यस्तो बाँकी रकम नबुझाएसम्म निजको आवेदन पत्र स्वीकृत गरिने छैन ।

१२. ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिने छ । यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाटै सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१३. कर र शुल्क उठाउन पाउने सामाग्रीहरुको विवरण एवम् पटके सवारी कर समेतका दररेटहरुको विवरण आवेदन पत्र फाराम साथ प्राप्त हुनेछ ।

१४. ठेक्का पाइसकेको ठेकेदारले हाट बजारको सरसफाइ सम्बन्धी कार्य गर्न स्वमं जिम्मेवार हुनेछ ।

१५. यस कार्यालयको छाप र कार्यालय प्रमुख र निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको आवेदन पत्रलाई मान्यता दिइने छैन ।